नेपाल सरकार
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाडौं
विकास सहायता समन्वय शाखा

फोन ४२००५०५, ४२००२९९, ४२००३०६
फ्याक्स नं.: ४२००३२२

पत्र संख्या:- ०७७/०७८

चलानी नं.:- ५१

मिति २०७७/०६/२०

श्री स्थानीय तहहरु,
सबै।

विषय: **भारत सरकारको सहयोगमा सञ्चालित साना विकास परियोजना सम्बन्धमा ।**

प्रस्तुत विषयमा भारत सरकारको सहयोगमा सञ्चालन हुने साना विकास परियोजना कार्यक्रम अन्तर्गत पेश गर्न सकिने योजना / कार्यक्रमका क्षेत्रहरुमा परिमार्जन गरी देहायका विषय/क्षेत्रहरु कायम गरिएको साथै आयोजनाहरुको प्रस्ताव पेश गर्दा निम्न कागजातहरु समेत अनिबार्य रुपमा पेश गर्नुपर्ने व्यवस्था गरिएको व्यहोरा मिति २०७७/०६/१४ को निर्णय (माननीय मन्त्रीस्तर) अनुसार अनुरोध छ।

**१.साना विकास परियोजना कार्यक्रम अन्तर्गत पेश गर्न सकिने पूर्वाधार समेबन्धी योजना / कार्यक्रमका क्षेत्रहरु**

- सामुदायिक बिद्यालय भवन, प्रारम्भिक बाल बिकास केन्द्र, पुस्तकालय,
- अस्पताल, स्वास्थ्य चौकी, योग केन्द्र, रक्त सञ्चार केन्द्र र प्रसुती केन्द्र (Birthing Centre),
- फोहरमैला व्यवस्थापन,
- खानेपानी आयोजना र
- कृषि पूर्वाधार निर्माण (सिंचाई,शित भण्डार तथा कृषि उपज प्रबर्द्धन केन्द्र)

**२. आयोजनाको प्रस्ताव पेश गर्दा अनिबार्य रुपमा पेश गर्नुपर्ने कागजातहरु**

- आयोजनाहरुको विस्तृत परियोजना प्रतिबेदन (DPR),
- सम्बन्धित स्थानीय तहको २०% लागत साझेदारीको प्रतिबद्धता सहितको सम्बन्धित गाँउ/नगर कार्यपालिकाको निर्णय र औपचारिक पत्र,
- पूर्बाधार निर्माणका लागि आबश्यक जग्गाको उपलब्धता सुनिश्चित भएको प्रमाण र
- सडक पुल र भवन निर्माण सम्बन्धी योजनाको हकमा माटो परीक्षण प्रतिवेदन

नमिता रेग्मी
शाखा अधिकृत